# प्रदेश लोकसेवा आयोग

## लुम्बिनी प्रदेश

**प्रदेश निजामती सेवा अन्तर्गत सहायकस्तर चौथो तहका विभिन्न (प्राविधिक/अप्राविधिक) पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन ।**

**सूचना नं २२०/०८१-०८२** **प्रकाशन मितिः २०८१/१०/२५**

प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम लुम्बिनी प्रदेश सरकार अन्तर्गत विभिन्न मन्त्रालयहरुबाट पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमका उल्लेखित सेवा, समुह र उपसमूहका सहायकस्तर चौथो तहका (प्राविधिक/अप्राविधिक) पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने भएकोले तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट विद्युतीय (online) माध्यमवाट दरखास्त आव्हान गरिन्छ । तोकिए बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (www.ppsconline.lumbini.gov.np) बाट online दरखास्त दिनु पर्नेछ ।

**प्रदेश निजामती सेवा अन्तर्गत सहायकस्तर चौथो तहको (प्राविधिक/अप्राविधिक) पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन विवरणः**

| क.सं | विज्ञापन नं. | पद | समुह/उपसमुह | विज्ञापनको किसिम | माग पद संख्या | पहिलो चरणको परीक्षा मिति |
|---|---|---|---|---|---|---|
| | | | **प्रदेश प्रशासन सेवा** | | | |
| १ | ५००२७/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | खुला | ६ | २०८२।०१।१३ गते शनिवार विहान ११:०० वजे |
| | | सहायक लेखापाल | लेखा | | ३ | |
| २ | ५००२८/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | मुस्लिम महिला | १ | |
| ३ | ५००२९/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | थारु महिला | १ | |
| ४ | ५००३०/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | खस आर्य महिला | १ | |
| | | सहायक लेखापाल | लेखा | | १ | |
| ५ | ५००३१/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | दलित महिला (पहाडि र मधेशी) | १ | |
| ६ | ५००३२/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | मधेशी महिला | १ | |
| | | सहायक लेखापाल | लेखा | | १ | |
| ७ | ५००३३/२०८१-८२ | प्रशासन सहायक | सामान्य प्रशासन | आदिवासी जनजाती महिला | १ | |
| | | सहायक लेखापाल | लेखा | | १ | |
| | | | **प्रदेश स्वास्थ्य सेवा** | | | |
| १ | ५१०६६/२०८१-८२ | अ.हे.व. | हे.ई. | खुला | ६ | २०८२।०१।१६ गते मंगलवार विहानको ८:०० वजे |
| | | को.चे.अ. | हे.ई. | | २ | |
| २ | ५१०६७/२०८१-८२ | अ.हे.व. | हे.ई. | मुस्लिम महिला | १ | |
| ३ | ५१०६८/२०८१-८२ | अ.हे.व. | हे.ई. | थारु महिला | १ | |

**अनलाइन दरखास्त भर्दा कुनै समस्या आएमा सम्पर्क नं.: ९८५७०८८६९६, ९८५७०८८६९७**
**email: info.ppsc@lumbini.gov.np, ppsc.lumbini@gmail.com**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ५१०६९/२०८१-८२ | अ.हे.व. | हे.ई. | खस आर्य महिला | १ | |
| ५ | ५१०७०/२०८१-८२ | अ.हे.व. | हे.ई. | दलित महिला (पहाडि र मधेशी) | १ | |
| ६ | ५१०७१/२०८१-८२ | अ.हे.व. | हे.ई. | मधेशी महिला | १ | |
| ७ | ५१०७२/२०८१-८२ | अ.हे.व. | हे.ई. | आदिवासी जनजाती महिला | १ | |
| | | को.चे.अ. | हे.ई. | | १ | |
| ८ | ५१०७३/२०८१-८२ | अ.न.मी. | क.न./पब्लिक हेल्थ नर्सिङ | खुला | ३ | २०८२।०१।२० गते शनिवार विहानको ८:०० वजे |
| ९ | ५१०७४/२०८१-८२ | अ.न.मी. | क.न./पब्लिक हेल्थ नर्सिङ | खस आर्य महिला | १ | |
| १० | ५१०७५/२०८१-८२ | अ.न.मी. | क.न./पब्लिक हेल्थ नर्सिङ | मधेशी महिला | १ | |
| ११ | ५१०७६/२०८१-८२ | अ.न.मी. | क.न./पब्लिक हेल्थ नर्सिङ | आदिवासी जनजाती महिला | १ | |
| १२ | ५१०७७/२०८१-८२ | ल्याब असिष्टेण्ट | मे.ल्या.टे. | खुला | १ | |
| १३ | ५१०७८/२०८१-८२ | ल्याब असिष्टेण्ट | मे.ल्या.टे. | आदिवासी जनजाती महिला | १ | |
| १४ | ५१०७९/२०८१-८२ | डार्क रुम असिष्टेण्ट | रेडियोग्राफी | खुला | १ | २०८२।०१।२२ गते सोमवार विहानको ८:०० वजे |
| १५ | ५१०८०/२०८१-८२ | वैद्य | आयुर्वेद | खुला | २ | |
| १६ | ५१०८१/२०८१-८२ | वैद्य | आयुर्वेद | आदिवासी जनजाती महिला | १ | |
| **प्रदेश ईञ्जिनियरिङ सेवा** | | | | | | |
| १ | ५२०२२/२०८१-८२ | खा.पा.स.टे. | सिभिल/स्यानिटरी | खुला | २ | २०८२।०१।२४ गते बुधवार विहानको ८:०० वजे |
| २ | ५२०२३/२०८१-८२ | खा.पा.स.टे. | सिभिल/स्यानिटरी | मधेशी महिला | १ | |
| ३ | ५२०२४/२०८१-८२ | खा.पा.स.टे. | सिभिल/स्यानिटरी | आदिवासी जनजाती महिला | १ | |
| **प्रदेश वन सेवा** | | | | | | |
| १ | ५४०२२/२०८१-८२ | फरेष्ट्रर | जनरल फरेष्ट | खुला | ५ | २०८२।०१।२७ गते शनिवार विहानको ८:०० वजे |
| २ | ५४०२३/२०८१-८२ | फरेष्ट्रर | जनरल फरेष्ट | थारु महिला | १ | |
| ३ | ५४०२४/२०८१-८२ | फरेष्ट्रर | जनरल फरेष्ट | खस आर्य महिला | १ | |
| ४ | ५४०२५/२०८१-८२ | फरेष्ट्रर | जनरल फरेष्ट | दलित महिला (पहाडि र मधेशी) | १ | |
| ५ | ५४०२६/२०८१-८२ | फरेष्ट्रर | जनरल फरेष्ट | मधेशी महिला | १ | |
| ६ | ५४०२७/२०८१-८२ | फरेष्ट्रर | जनरल फरेष्ट | आदिवासी जनजाती महिला | १ | |

| | |
|---|---|
| **परीक्षाको किसिमः-** | पाठ्यक्रममा तोकिए अनुसार । (संशोधित पाठ्यक्रम आयोगको वेभसाईटमा उपलब्ध छ) |
| **परीक्षा केन्द्रः-** | बुटवल । |
| **परीक्षाको माध्यमः-** | परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ । |
| **दरखास्तको माध्यमः-** | आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ । उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ । |
| **दरखास्त दस्तुरः-** | दरखास्त दस्तुर रु. ४००।- (चार सय रुपैयाँ) बुझाउनु पर्नेछ । थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. १५०/- (एक सय पचास रुपैयाँ) थप दस्तुर बुझाउनुपर्नेछ । |
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** | आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ । Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ । Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ । यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ । |
| **दरखास्त दिने अन्तिम मितिः-** | २०८१।११।१५ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।११।२२ गतेसम्म । |
| **उम्मेदवारको उमेरको हदः-** | ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८१।११।१५ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको । स्वास्थ्य सेवा तर्फको लागी ४५ वर्ष पुरा नभएको ।<br>❖ संघीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा ऐन प्रारम्भ भएपछि संघीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका कर्मचारीका हकमा उमेर हद लाग्ने छैन । |
| **पेश गर्नुपर्ने कागजातहरुः-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ ।<br>*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ ।* |
| **पदमा रही गर्नुपर्ने कामको विवरणः-** | सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम । |
| **सेवा, शर्त र सुविधाः-** | सेवा, शर्त र सुविधा सम्बन्धमा प्रचलित कानून बमोजिम हुने । |
| **सेवा सम्बन्धी मन्त्रालयः-** | सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय |

**आवश्यक न्यूनतम योग्यताः**

१. प्रदेश प्रशासन सेवा/सामान्य प्रशासन समूह/सहायकस्तर चौथो तह/ प्रशासन सहायक पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परिक्षा(एस.एल.सी. वा एस.इ.इ) वा सो सरह उतिर्ण गरेको ।

२. प्रदेश प्रशासन सेवा/लेखा समूह/सहायकस्तर चौथो तह/ सहायक लेखापाल पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परिक्षा(एस.एल.सी. वा एस.इ.इ) वा सो सरह उतिर्ण गरेको ।

३. प्रदेश ईन्जिनियरिङ्ग सेवा/सिभिल समूह/स्यानिटरी उपसमूह/सहायकस्तर चौथो तह/खा.पा.स.टे पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी खानेपानी तथा सरसफाई बिषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त ।

४. प्रदेश वन सेवा/जनरल फरेष्ट्री समूह/सहायकस्तर चौथो / फरेष्टर पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तिर्ण गरी नेपाल सरकारवाट मान्यता प्राप्त संस्थावाट वन सम्बन्धी तह २ को सीप परिक्षा उत्तिर्ण वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रवाट कम्तिमा ३० कार्य दिनको वन सम्बन्धी तालिम प्राप्त गरेको ।

५. प्रदेश स्वास्थ्य सेवा/हेल्थ ईन्स्पेक्सन समूह/ सहायकस्तर चौथो तह/अ.हे.व. पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.व. वा सि.एम.ए.कोर्ष उत्तिर्ण

६. प्रदेश स्वास्थ्य सेवा/कम्युनिटी नर्सिङ्ग/पब्लिक हेल्थ नर्सिङ्ग समूह/सहायकस्तर चौथो तह/अ.न.मी पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट अ.न.मि. कोर्ष उत्तीर्ण ।

७. प्रदेश स्वास्थ्य सेवा/हेल्थ ईन्स्पेक्सन समूह/ सहायकस्तर चौथो तह/को.चे.अ.पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट अ.हे.व. वा सि.एम.ए.कोर्ष उत्तिर्ण ।

८. प्रदेश स्वास्थ्य सेवा/मेडिकल ल्याब टेक्नोलोजिष्ट समूह/ज.मे.ल्या.टे. उपसमुह/सहायकस्तर चौंथो तह/ल्याब असिष्टेन्ट पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट हेल्थ ल्याब विषयमा टि एस.एल.सी वा सो सरह उत्तीर्ण ।

९. प्रदेश स्वास्थ्य सेवा/रेडियोग्राफी समूह/ रेडियोग्राफी उपसमुह /सहायकस्तर चौथो तह/डार्क रुम असिष्टेन्ट पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सि. मा विज्ञान विषय लिई उतिर्ण गरी सम्वन्धित विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त ।

१०. प्रदेश स्वास्थ्य सेवा/आयुर्वेद समूह/जनरल आयुर्वेद उपसमुह/सहायकस्तर चौंथो तह/ वैद्य पदका लागिः मान्यता प्राप्त शिक्षण संस्थावाट एस एल सी उतिर्ण गरी १ वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उतिर्ण।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ ।

**(क)** मुस्लिमका हकमा : मुस्लीम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, मुस्लीम आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**(ख)** थारुका हकमा : थारु आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारु आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**(ग)** खस आर्य महिलाको हकमाः राष्ट्रिय समावेशी आयोगले खस आर्य जाति भनी सूचीकृत गरेका थर भनी स्थानीय तहले प्रमाणित गरेको कागजात दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**(घ)** दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातीको सूचीको आधारमा तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

(ङ) मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(च) आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात दरखास्त साथ पेश गर्नुपर्नेछ ।

*(छ) स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लावाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयवाट लिएको, माथी उल्लेखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाईँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाईँसराई गरेको कागजात ।*

**द्रष्टव्य**

(क) पहिलो चरणमा उतिर्ण भएका उम्मेदवारलाई मात्र दोस्रो चरणको परीक्षामा सहभागी गराईनेछ ।

(ख) दोस्रो चरणको परीक्षा मिति र समय पहिलो चरणको परीक्षाको नतिजा प्रकाशन पश्चात प्रकाशन गरिनेछ ।

(ग) अप्राविधिक तर्फ पहिलो चरणको परीक्षाको प्राप्ताङ्क कुल प्राप्ताङ्कमा गणना गरिनेछैन। तर प्राविधिक तर्फको पहिलो चरणको परीक्षाको प्राप्ताङ्क कुल प्राप्ताङ्कमा गणना गरिनेछ ।

(घ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।

(छ) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

(ज) प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ । सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ ।

(ञ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता र सिफारिसका प्रमाणपत्रहरु हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुर बुझाई दरखास्त दिने अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

(ट) माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुनेछ ।

(ठ) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश, बुटवल

प्रदेश निजामती सेवा अन्तर्गतका विभिन्न सेवा समूहका सहायकस्तर चौथो तहका (अप्राविधिक/प्राविधिक) पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।

**सूचना नं २१९/०८१-०८२** **प्रकाशन मिति २०८१/१०/२५**

प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम तपसिल बमोजिमका पदहरुमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरिने भएकोले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोकसेवा आयोगवाट निर्धारित ढाँचाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/१२/०३ गते सम्म दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | बढुवा सूचना नं | पद | तह | सेवा/समुह | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको पद संख्या |
|---|---|---|---|---|---|
| १. | १०४/०८१/०८२ | प्रशासन सहायक | चौथो | प्रदेश प्रशासन/सामान्य प्रशासन | ३ |
| २. | १०५/०८१/०८२ | सहायक लेखापाल | चौथो | प्रदेश प्रशासन/लेखा | २ |
| ३. | १०६/०८१/०८२ | खा.पा.स.टे. | चौथो | प्रदेश ईञ्जि./सिभिल/स्यानिटरी | १ |
| ४. | १०७/०८१/०८२ | फरेष्टर | चौथो | प्रदेश वन/ जनरल फरेष्ट्री | २ |

दरखास्त फाराम प्रदेश लोकसेवा आयोगको बेवसाइट www.ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाईनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा सूचित गरिन्छ ।

**दरखास्त दस्तुर:** रु. ४००/- (चार सय रुपैयाँ)

**दरखास्त दस्तुर बुझाउने स्थान:** राष्ट्रिय बाणिज्य बैंकमा रहेको एकल खाता कोषको खाता नं १०००१००२०००१०००० मा दस्तुर जम्मा गर्नुपर्नेछ

**कार्यालय कोड:** २१०००४८०१५ (प्रदेश लोकसेवा आयोग)

**राजस्व शिर्षक नं.** १४२२४

**नोट:** कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि लागि राजस्व बुझाएको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

थप जानकारी आयोगको वेभसाईट https://ppsc.lumbini.gov.np/ मा उपलब्ध छ ।